घोडाघोडी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## फोहरमैला व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउ पत्र फाराम

आ.व.२०८३।०८४

**फोहरमैला व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गरेको निवेदन**

(दरभाउपत्र दाता फर्म संस्था वा कम्पनीको छाप)

मितिः-२०   /   /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरपालिका,सुखड,कैलाली

महासय,

हामीले दरभाउपत्र सम्बन्धी सूचनामा समावेश भएका शर्तहरु अध्ययन गर्यौं । प्रस्तुत फोहरमैला व्यवस्थापन गर्न हाम्रो मन्जुरी भएकोले यो दरभाउ पत्र पेश गरेका छौ ।
प्रस्तुत कामको लागि सबैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौ ।
हामी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको घोषणा गर्दछौ ।
यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु दरभाउपत्र साथ सिलबन्दी रुपमा पेश गरेका छौ ।

भवदिय
हस्ताक्षर......................

<u>**फर्म संस्था वा कम्पनीको तर्फबाट**</u>

हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नामः-

पद:-

दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम:-

नविन मल्ल
ईन्जिनियर

नि.प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम

घोडाघोडी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**फोहरमैला व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र/प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३।०५।०८ गते

ठेक्का नं.: **IREV/GMU/03/083/084**

घोडाघोडी नगरपालिकाको आ.व.२०८३/०८४ का लागि यस नगरपालिकाका प्रमुख बजार क्षेत्रका सडक, नाला, घर, पसल, उद्योग, प्रतिष्ठान, व्यवसाय, होटल, संघसंस्था आदिबाट श्रृजित हुने फोहरमैलालाई न.पा. ले तोकेको शुल्क लिएर उठाउने र तत्काल व्यवस्थित रुपमा विसर्जन गर्ने तथा दिर्घकालिन रुपमा नगरपालिकालाई घरघरबाटै फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन रकम र सरकारी ठेक्का बन्दोबस्त नियमहरुको आधारमा बढाबढ द्वारा फोहरमैला संकलन गर्न ईच्छुक व्यक्ति फर्म वा कम्पनीले तपशिलमा उल्लेखित सेवा सर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा शिलवन्दी दरभाउपत्र/प्रस्ताव पेश गर्न सम्बन्धित सवैमा सूचित गरिन्छ । रित नपुगेका र म्याद नाघी आएका शिलवन्दी दरभाउपत्र/प्रस्ताव उपर कुनै कारवाही हुने छैन । अन्य थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेवसाईट www.ghodaghodimun.gov.np तथा कार्यालय समय भित्र घोडाघोडी नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल:

१. शिलवन्दी दरभाउपत्र/प्रस्ताव संगै फर्म वा कम्पनीको दर्ता नविकरण (२०८२/०८३) कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित पेश गर्नु पर्नेछ ।

२. प्रस्तावक व्यवसायिक रुपमा प्राङ्गारिक तथा जैवीक मल उत्पादन गर्न इच्छुक हुनु पर्ने छ ।

३. सुरुमा फोहर व्यवस्थापन गर्ने जनचेतना जगाउन नगरपालिकाले कार्यक्रम संचालन गर्न सक्नेछ ।

४. फोहरमैला संकलन केन्द्र सम्म जाने पूर्वाधार एवं अन्य आवश्यक निर्माण मर्मत सम्भार नगरपालिकाले गर्नेछ ।

५. सम्झौताको समय सिमा हाललाई आर्थिक बर्ष २०८३/०८४ १ (एक आ.व.) वर्षको हुनेछ ।

६. फोहर व्यवस्थापन सन्दर्भमा कुनै समस्या वा विवाद उत्पन्न भएमा प्रस्तावक र नगरपालिकाको आपसी सहमतिमा समस्या समाधान गरिनेछ । सहमती हुन नसकेमा प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

७. फोहरमैला संकलन/प्रशोधनका लागि नगरपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवसथापन गरी विवाद रहित तरिकाले पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा प्रयोग गर्न सक्नेछ ।

नविन मल्ल
ईन्जिनियर

नि.प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश

८. प्रस्तावकले उत्पादन गरेको मल नेपाल सरकारको प्राङ्गगारिक तथा जैविक मल उत्पादन कार्यविधि २०६८ बमोजिम गुण तयार गरिएको प्राङ्गारिक मल फर्म वा कम्पनीको सुलभ मूल्यमा नगरपालिकाले खरिद गर्न सक्नेछ ।

९. फोहरमैला संकलनबाट उठेको शुल्क तथा मल बिक्रिबाट प्राप्त आम्दानी मध्ये प्रस्तावकले नगरपालिकालाई बार्षिक रुपमा कति प्रतिशत बुझाउन सक्छ सो को आधारमा बढी प्रतिशत कवोल गर्ने व्यक्ति फर्म वा कम्पनीको प्रस्ताव स्वीकृत हुनेछ । फोहरमैला संकलनबाट उठेको शुल्क तथा मल बिक्रिबाट प्राप्त आम्दानीमा नियमानुसार कर लाग्नेछ ।

१०. फोहरमैला संकलन शुल्क नगरपालिकाले तोकेको दर रेट अनुसार हुनेछ ।

११. कुहिने र नकुहिने फोहरलाई अलग अलग गरी संकलन गर्नु पर्नेछ ।

१२. प्रस्तावकले कम्तीमा पनि हप्ताको ३ (तीन) पटक फोहरमैला संकलन गर्नु पर्नेछ ।

१३. प्रस्तावकले ३/३ महिनामा फोहरमैला संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्नअङ्गको रुपमा मानिनेछ ।

१५. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

नविन मल्ल
ईन्जिनियर

नि.प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोडाघोडी नगरकार्यपालिकाको कार्यालय,
सुखड, कैलाली ।

विषय: दरभाउ पत्र पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८३ / / मा प्रथम पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरी आर्थिक वर्ष २०८३/०८४ को लागि नगरपालिकाले तोकेको शर्तमा फोहरमैला व्यवस्थापन गर्नको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु ।

| **सि.नं.** | **ठेक्का सम्बन्धि विवरण** | **न्यूनतम कबोल रकम (मू.अ.कर बाहेक)** | **कबोल गरेको रकम (अंक र अंक्षरमा) (मू.अ.कर बाहेक)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन IREV/GMU/03/083/084 | रु. ५०००.००/- (पाच हजार मात्र) | | धरौटी रकम कबोल अङ्कको ५ % |

बोलपत्रदाता फर्म/कम्पनीको नाम र छाप:
दस्तखत:
ठेगाना:
सम्पर्क नं.: